Vol.16
नेपाली

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation



2021.04

## "OTA फुरेआइ भिडियो प्रतियोगिता" सृजना प्रदर्शनबारे

OTA फुरेआइ फेस्ताको वैकल्पिक कार्यक्रमको रूपमा "OTA फुरेआइ भिडियो प्रतियोगिता" 2020 साल नोभेम्बर 1 तारिख~2021 साल जनवरी 7 तारिखमा आयोजना गरियो। "फुरेआइ (भेटघाट)" लाई विषयवस्तु बनाइएको भिडियो र ओता सहरको पर्यटन प्रचार गीत "तेनोहिरा ताताकेबा (सिक्लेमन)" नृत्यको भिडियो गरी दुई प्रकारको भिडियोको लागि आवेदन खोलिएको थियो। "फुरेआइ (भेटघाट)" लाई विषयवस्तु बनाइएको धेरै भिडियोहरूबाट सर्वोत्तम पुरस्कार पाउन सफल सृजना र उत्तम पुरस्कार पाउन सफल सृजनाको घोषणा गरिएको छ। YouTube को ओता सहर आधिकारिक "ओता सहर च्यानल" मा सर्वोत्तम पुरस्कार पाउन सफल सृजना हेर्न सकिन्छ। "तेनोहिरा ताताकेबा (सिक्लेमन)" नृत्यको भिडियोको सन्दर्भमा आवेदन दिइएको भिडियोहरू सम्पादन गरी एउटा भिडियो बनाई ओता सहर संस्करण प्रचार भिडियो बनाइएको छ। यो YouTube को "सिक्लेमन आधिकारिक च्यानल" मा हेर्न सकिन्छ। दुबै भिडियोहरू अत्यन्तै राम्रो हुनाले नबिर्सीकन हेर्नुहोस्!

*आवेदन अवधि समाप्त भइसकेको छ।




**सम्पर्क**

सांस्कृतिक प्रवर्धन डिभिजन

☎ 03-5744-1226　FAX 03-5744-1539

E-mail bunka@city.ota.tokyo.jp

## अन्तर्राष्ट्रिय सहर ओता संघ [बहुभाषी परामर्श काउन्टर]


### खुला रहने समय

| 2021 साल अप्रिल 1 तारिख~2022 साल अप्रिल 31 तारिख | |
|---|---|
| अंग्रेजी | सोम, मंगल, बुध र शुक्रबार 10:00 am~5:00 pm |
| चिनियाँ | सोम, मंगल, बिही र शुक्रबार 10:00 am~5:00 pm |
| तागालोग | सोमबार र शुक्रबार 10:00 am~5:00 pm |
| नेपाली | बुधबार 10:00 am~5:00 pm |
| भियतनामी | बिहीबार 10:00 am~5:00 pm |

यी बाहेक अन्य भाषाहरूमा पनि सेवा उपलब्ध छ। परामर्श लिनुहोस्। वकिल (अधिवक्ता) परामर्श (अग्रिम रूपमा नाम लेखाउनुपर्ने): महिनाको पहिलो र तेस्रो आइतबार 1:00 pm~5:00 pm

### बहुभाषी परामर्श काउन्टरमा गर्न सकिने कुराहरू

| | |
|---|---|
| दैनिक जीवन सम्बन्धी परामर्श | भाषाको समस्या, बच्चा सम्बन्धी कुराहरू, विवाह, सम्बन्ध विच्छेद, काम सम्बन्धी कुराहरू आदि विभिन्न भाषाहरूमा परामर्श लिन सकिन्छ। |
| दोभासे | तपाईं र दोभासे सँगै ओता सहर कार्यालयको मुख्य भवनको काउन्टरमा गई प्रशासनिक प्रक्रिया आदिको दोभासे गरिदिने सेवा हो। |
| अनुवाद | ओता सहर कार्यालयमा पेस गर्ने प्रामाणपत्र आदि अनुवाद गरिदिने सेवा हो। शुल्क लाग्नेछ। (प्रति कागजात 500 येन) |




**सम्पर्क**

अन्तर्राष्ट्रिय सहर ओता संघ बहुभाषी परामर्श काउन्टर

ठेगाना: ओता सहर खामाता 5-13-26 उपभोक्त केन्द्र 1F

☎ 03(6424)8822　FAX 03(5710)6330

Email info@ota-goca.or.jp

# साइकल चोरीदेखि सावधान होऔं।

ओता सहर भित्र धेरै साइकल चोरीका घटनाहरू घटिरहेका छन्। चोरी भएका प्रायः साइकलहरूमा लक गरिएको थिएन। साइकल सजिलै प्रयोग गर्न सकिने सुविधाजनक साधन हो तर लक नगरीकन त्यत्तिकै छोड्यो भने सजिलै चोरी हुन्छ। छोटो समयको लागि मात्र साइकलबाट पर जाने खण्डमा पनि अनिवार्य रूपमा साइकलमा लक गर्नुहोस्।

साथै सडकमा मात्र नभएर घर र साइकल पार्किङ गर्ने ठाउँहरूबाट पनि साइकलहरू चोरी भइरहेका छन्। विशेष गरी घरबाट साइकल चोरी हुने घटनाहरू सबैभन्दा धेरै भइरहेको छ। घर र साइकल पार्किङ गर्ने ठाउँहरूमा पनि सावधान भई लक गर्न नबिर्सौं।



साइकलको चोरी रोकथामको लागि दुई ठाउँमा लक गर्ने टु-लक प्रभावकारी हुन्छ। टु-लक गरेमा चोरी गर्न समय लाग्ने र गाह्रो हुने हुनाले चोरी रोकथामको प्रभाव बढी हुन्छ। टु-लकद्वारा चोरी रोकथाम गरौं।

2020 साल जनवरी 1 तारिखदेखि ओता सहरको नियम अनुसार साइकलमा अनिवार्य रूपमा लक गर्नुपर्ने भएको छ। साइकल रोक्ने बेला नबिर्सीकन साइकल लक गरी आफ्नो महत्त्वपूर्ण साइकल चोरी हुनबाट बचाऔं।

**सम्पर्क**

शहरी पूर्वाधार विकास व्यवस्थापन
ट्राफिक सुरक्षा तथा साइकल व्यापक योजना जिम्मेवार कर्मचारी
☎ 03-5744-1315 FAX 03-5744-1527 E-mail toshikan@city.ota.tokyo.jp
URL https://www.city.ota.tokyo.jp/seikatsu/sumaimachinami/jitensha/jitensha_tounan-boushi.html

# विदेशी भाषामा मानव अधिकार परामर्श डायलको जानकारी

## मानव अधिकार सम्बन्धी समस्याले चिन्तित व्यक्ति हुनुहुन्छ?

उदाहरणको लागि...

- विदेशी नागरिक भएको कारण रोजगार दिन अस्वीकार गरियो।
- छोराछोरीलाई विद्यालयमा हेप्ने, गिज्याउने जस्ता कार्य भइरहेको छ।
- अपार्टमेन्टमा बस्न दिइएन।

यस्ता चिन्ता भएको व्यक्तिले न्याय मन्त्रालय "विदेशी भाषामा मानव अधिकार परामर्श डायल" प्रयोग गर्नुहोस्।
अंग्रेजी, चिनियाँ, हंगुल, फिलिपिनो, पोर्तुगीज र भियतनामी भाषामा सेवा उपलब्ध छ।



**कहिले** सोमबार~शुक्रबार 9:00 am~5:00 pm (वर्षको अन्त्य तथा नयाँ वर्षको सुरुको अवधि बाहेक)

**शुल्क** निशुल्क

**सम्पर्क**

विदेशी भाषामा मानव अधिकार परामर्श डायल (नाभी डायल)
☎ 0570-090911
URL http://www.moj.go.jp/JINKEN/jinken21.html

# साइकल हटाउने विषय बारे

सूचना संस्करण




ओता सहरको नियम अनुसार हामीले सार्वजनिक स्थल (सडक वा पार्क, स्टेसन अगाडिको खुला ठाउँ जस्ता साइकल पार्किङ बाहेकका ठाउँहरू) मा साइकल नराख्नुहुन अनुरोध गर्दै आइरहेका छौं। **साइकल पार्किङ गर्ने खण्डमा छोटो समयको लागि रोक्ने भए तापनि साइकल पार्किङ गर्ने ठाउँमा राखौं।** ओता सहरले सहरको नियम अनुसार स्टेसन अगाडिको केही स्थानलाई साइकल छोड्न निषेध इलाकाको रूपमा तोकी, त्यस्ता इलाकाहरूमा राखिएका साइकलहरू नियमित रूपमा हटाउने गरिरहेको छ। सामान्यतया हटाइएका साइकलहरूलाई 30 दिनको अवधि भण्डारण केन्द्रमा राखिनेछ। भण्डारण म्याद बितिसकेको साइकललाई नष्ट गरिने हुनाले ध्यान दिनुहोस्।

## भण्डारण केन्द्र

ओता सहरको भण्डारण केन्द्रहरू 4 ठाउँमा छन्। विस्तृत जानकारीको लागि तल हेर्नुहोस्।
भण्डारण केन्द्रको फिर्ता गरिने दिन र फिर्ता गरिने समयमा, फिर्ता लिन आवश्यक कुराहरू लिएर आउनुहोस्।

**भण्डारण केन्द्रको संक्षिप्त जानकारी**

फिर्ता गरिने दिन: सोमबारदेखि आइतबार (सार्वजनिक बिदा, बिदा सारिएको दिन र डिसेम्बर 29 तारिख~जनवरी 3 तारिख बाहेक)
फिर्ता गरिने समय: 11:00 am देखि 7:00 pm सम्म
फिर्ता लिन आवश्यक कुराहरू: (1) परिचय खुल्ने कागजात (रेजिडेन्स कार्ड, सवारी साधन अनुमति पत्र आदि)
(2) साइकल आदिको साँचो
(3) हटाउन लागेको शुल्क (साइकल 3,000 येन)

**नियम र मर्यादाको पालना गरी सही तरिकामा प्रयोग गरौं।**

## कहाँ

**• पहिलो भण्डारण केन्द्र (हेइवाजिमा रिक्योखा भण्डारण केन्द्र)**
ओता सहर हेइवाजिमा 1-2 ☎ 03-3765-5161
यहाँ ओमोरी क्षेत्र र च्योफु क्षेत्रबाट हटाइएको साइकल लगिन्छ।

**• दोस्रो भण्डारण केन्द्र (तोओहासिखा भण्डारण केन्द्र)**
ओता सहर हेइवाजिमा 5-1 ☎ 03-3765-5162
यहाँ कामाता स्टेसनको पूर्वी एक्जिटबाट हटाइएको साइकल लगिन्छ।

**• तेस्रो भण्डारण केन्द्र (तोओहासिखा भण्डारण केन्द्र)**
ओता सहर हेइवानो मोरी पार्क नं. 2 अगाडि ☎ 03-3765-5163
यहाँ कामाता स्टेसनको पश्चिम एक्जिट, हासुनुमा स्टेसन आदिबाट हटाइएको साइकल लगिन्छ।

**• चौथो भण्डारण केन्द्र (रोकुगो हासिमोतो भण्डारण केन्द्र)**
ओता सहर नाकारोकुगो 4-30 ☎ 03-3736-0372
यहाँ केइक्यु कामाता स्टेसन, जोउसिकी स्टेसन, कोजिया स्टेसन आदिबाट साइकल लगिन्छ।

**सम्पर्क**
शहरी पूर्वाधार विकास व्यवस्थापन ट्राफिक सुरक्षा तथा साइकल व्यापक योजना जिम्मेवार कर्मचारी
☎ 03-5744-1315 FAX 03-5744-1527

# निवासी कर भुक्तानीबारे

तपाईंले आर्थिक वर्ष 2020 सालको निवासी कर (विशेष सहर निवासी कर र जिल्ला निवासी कर) भुक्तानी गर्नुभयो?
यदि अझै भुक्तानी गर्नुभएको छैन भने छिटै भुक्तानी गर्नुहोस्।
विस्तृत जानकारीको लागि ओता सहरको होमपेज हेर्नुहोस्।



**सम्पर्क**
कर भुक्तानी शाखा
☎ 03-5744-1205 FAX 03-5744-1517 URL https://www.city.ota.tokyo.jp/seikatsu/zeikin/

# ओमोरी खेलकुद केन्द्रमा रनिङ स्टेसन OPEN गरिएको छ!




रनिङ स्टेसन भनेको रनर (धावक) ले गतिविधि केन्द्रको रूपमा प्रयोग गर्न सक्ने ठाउँ हो। लकर, चेन्जिङ रुम, सावर रुम जस्ता रनर (धावक) लाई खुसी बनाउने सुविधाहरू प्रयोग गर्न सकिन्छ। साथै ओमोरी खेलकुद केन्द्रबाट सुरु हुने 3km र 5km को गरी 2 प्रकारका रनिङ कोर्सहरूको व्यवस्था गरिएको छ। यी कोर्सहरूमा धेरै अप-डाउन छैन र हरियालीले भरिपूर्ण पार्कमा हुने सुन्दर ऋतु परिवर्तन र समुद्री किनारको ताजा हावा महसुस गर्न सकिने हुनाले, अवश्य पनि यी कोर्सहरूमा दगुरेर हेर्नुहोस्।

| | |
|---|---|
| कहिले | 9:00 am~8:00 pm (अन्तिम दर्ता समय 6:00 pm)<br>*वर्षको अन्त्य तथा नयाँ वर्षको सुरुको अवधि (12/29~1/3) र सुविधा निरीक्षण गरिने दिन जस्ता भवन बन्द हुने दिन र भवन पूरै भाडामा दिइएको बेलामा प्रयोग गर्न सकिनेछैन। विस्तृत जानकारीको लागि ओमोरी खेलकुद केन्द्रमा सम्पर्क गरी निश्चय गर्नुहोस्। |
| कहाँ | ओमोरी खेलकुद केन्द्र ओता सहर ओमोरी होनच्यो 2-2-5<br>केइक्यु हेइवाजिमा स्टेसनमा ओर्लेपछि हिँडेर 6 मिनेट |
| शुल्क | चेन्जिङ रुम: निशुल्क, लकर: 100 येन फिर्ता हुने प्रकार,<br>तातो पानीको सावर: प्रत्येक 5 मिनेटको 100 येन |
| आवेदन दिने तरिका | अग्रिम आवेदन आवश्यक छैन।<br>प्रयोग गर्ने दिन ओमोरी खेलकुद केन्द्रको काउन्टरमा भन्नुहोस्।<br>15 वर्ष वा सोभन्दा बढी भएमा जसले पनि प्रयोग गर्न सक्नेछ।<br>*15 वर्ष भन्दा कमको व्यक्तिको सन्दर्भमा अभिभावक पनि सँगै आउनुपर्नेछ। |
| सम्पर्क | ओमोरी खेलकुद केन्द्र ☎ 03-5763-1311<br>खेल प्रवर्धन डिभिजन ☎ 03-5744-1441 FAX 03-5744-1539 E-mail sports@city.ota.tokyo.jp<br>URL https://www.city.ota.tokyo.jp/seikatsu/manabu/sports/ivent/runningstation.html |

# संक्रामक रोग नोभल कोरोना भाइरस (कोभिड 19) को भ्याक्सिन लगाउनेबारे

**हुलाक मार्फत भ्याक्सिन लगाउने टिकट पठाइनेछ।**

### [आवेदन दिने तरिका]

अग्रिम रूपमा नाम लेखाउनुपर्नेछ। प्रत्येक भ्याक्सिन लगाउने ठाउँमा नाम लेखाउने तरिका फरक हुने हुनाले, तपाईंलाई पठाइने सूचनासँग संलग्न गरिएको भ्याक्सिन लगाउने ठाउँको सूची हेर्नुहोस्।

### [भ्याक्सिन लगाउन सकिने ठाउँहरू]

तोकिएका स्वास्थ्य संस्थाहरूका साथै सामूहिक रूपमा भ्याक्सिन लगाउन सकिने ओता सहर भित्रको सुविधा जस्ता स्थानहरूलाई भ्याक्सिन लगाउने ठाउँ बनाइनेछ।

### [भ्याक्सिन लगाएको शुल्क]

निशुल्क

### [भ्याक्सिन लगाउने बेला सहमति लिइनेछ]

भ्याक्सिन लगाउने व्यक्ति अथवाको सहमति भएको अवस्थामा मात्र भ्याक्सिन लगाइनेछ।

### [भ्याक्सिन लगाउने प्रक्रियाहरू]

1. हुलाक मार्फत भ्याक्सिन लगाउने टिकट आदि आउँछ।
2. भ्याक्सिन लगाउन चाहने व्यक्तिले नाम लेखाउनुहोस्।
3. भ्याक्सिन लगाउने टिकट र परिचय खुल्ने कागजात लिएर भ्याक्सिन लगाउने ठाउँमा जानुहोस्।
4. जाँच पूर्व भर्नुपर्ने फाराममा जानकारी भरी, स्वास्थ्य स्थिति आदिमा समस्या नभएमा भ्याक्सिन लगाइनेछ।

| | |
|---|---|
| सम्पर्क | कोरोना भ्याक्सिन लगाउने सम्बन्धी कल सेन्टर<br>सोमबार~शुक्रबार (बिदाको दिन बाहेक) 8:30 am~5:15 pm शनिबार 8:30 am~12:00 pm ☎ 03-6629-6342<br>URL https://www.city.ota.tokyo.jp/cyuumokujoho/infection/covid19_wakuchin/index.html |

प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
〒144-8621 ओता सहर कामाता 5-13-14 ☎ 03-5744-1227 FAX 03-5744-1323